सरुमारानी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

बङ्गाँडा,प्यूठान

लुम्बिनी प्रदेश, नेपाल


प.सः २०७९।०८०

च.न.

मितिः २०७९/५/१०

**बिषयः न्युनतम २० युनिट भन्दा कम विद्युत महशुल छुट सम्वन्धि सूचना ।**

प्रस्तुत विषयमा सरुमारानी गाउँपालिकाका आम नागरिकलाई विद्युतको सहज र सरल पहुँच स्थापित गर्न, विद्युतिकरणको विस्तार र विकास मार्फत जनतालाई घर/घरमा विजुली वत्ति पुर्याइ उज्यालो सरुमारानी बनाउने अभियानमा गाउँपालिका रहेकोछ। गाउँपालिकाका सम्पुर्ण नागरिकलाई विद्युत महशुलमा छुट दिने गरि वार्षिक नीति तथा कार्यक्रम गाउँपालिकाले वनाएको छ। उक्त नीति तथा कार्यक्रम मार्फत न्युनतम विद्युत महशुल तिर्न पनि कठिन भएका नागरिकलाई स्थानीय सरकारलाई उत्तरदायी बनाउन र नागरिकलाई स्थानीय सरकार प्रति अपनत्व भाव वृद्धि गर्न सम्पुर्ण सरुमारानी वासिलाई न्युनतम २० युनिट भन्दा कम विद्युत महशुल छुट सम्वन्धि कार्यविधि, २०७९ स्वीकृत गरी कार्यान्वयन प्रकृया सूरु भएको ब्यहोरा जानकारी गराउदछौ।

न्युनतम २० युनिट भन्दा कम विद्युत महशुल छुट सम्वन्धमा सरुमारानी गाउँपालिकाका आम नागरिकहरुलाई सो विषयमा निम्नानुसारको जानकारी यसै सूचना मार्फत जानकारी गराउदछौ ।

**तपशिल**

१. यस सरुमारानी गाउँपालिका र बुटवल पावर कम्पनी/झिमरुक जल विद्युत केन्द्र प्यूठान वीच न्युनतम २० युनिट भन्दा कम विद्युत महसुल छुट सम्वन्धमा संझौता भैसकेकोछ ।

२. २० युनिट भन्दा कम विद्युत खपत गर्ने परिवारले विद्युत महसुल भुक्तानीका लागी केही गर्न नपर्ने र गाउँपालिकाले सिधै बुटवल पावर कम्पनीमा भुक्तानी गर्नेछ ।

३. २० युनिट भन्दा कम विद्युत खपत भएमा सम्पुर्ण रकम गाउँपालिकाले ब्यहोर्नेछ भने २० युनिट वा सो भन्दा बढि खपत गर्ने परिवारको कुनै पनि रकम गाउँपालिकाले ब्यहोर्ने छैन । कुनै महिना २० युनिट भन्दा कम र कुनै महिना २० युनिट वा बढि विधुत खपत भएमा २० युनिट भन्दा कम खपत भएको महिनाको महसुल गाउँपालिकाले र २० युनिट वा बढि खपत भएको महिनाको सम्पुर्ण रकम सम्बन्धित लाभग्राहीले तिर्नु पर्नेछ ।

४. गाउँपालिकाले समयमै विद्युत महसुल भुक्तानी गरे नगरेको सम्बन्धमा जानकारी राख्ने र सो सम्बन्धमा आवश्यक सुझाव दिने दायित्व सम्बन्धित लाभग्राहीको हुनेछ । यदि २० युनिट वा सो भन्दा माथिको महसुल सम्बन्धित ब्यक्तिले समयमै भुक्तानी नगरेमा उक्त कार्यका लागी गाउँपालिका जवाफदेही हुने छैन ।

५. न्यूनतम विद्युत महसुल निःशुल्क भुक्तानी २०७९ श्रावण महिना देखी लागु हुने र २०७९ असार मसान्त सम्मको विद्युत महसुल सम्बन्धित ब्यक्ति स्वंयले तिर्नु पर्ने छ।

६. नेपाल विद्युत प्राधिकरणको विद्युत प्रयोग गरेका लाभग्राहीले १२ महिनाको विद्युत महसुल भुक्तानी गरेको विल २०८० असार ७ गते भित्र गाउँपालिकामा पेश गर्नु पर्नेछ ।त्यस्ता लाभग्राहिको २० युनिट भन्दा कम विद्युत खपत वापतको महसुल बैक खाता मार्फत सम्बन्धित लाभग्राहीलाई गाउँपालिकाले उपलब्ध गराउनेछ ।जरिवाना वापतको रकम गाउँपालिकाले उपलब्ध गराउनेछैन ।

चिन्तामणि रेग्मी
प्रमुख प्रशासकिय अधिकृत


*website:www.sarumaranimun.gov.np, Email:sarumarani2073@gmail.com 9857836022*